नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
टेलिफोन : ४२११५६१
फ्याक्स : ४२११५६३
सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :- ०७६/७७
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- १२७२

मिति: २०७६/११/१९

श्री स्थानीय तह, सबै ।

विषयः समिति गठन सम्बन्धमा ।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण आयोजना सञ्चालन निर्देशिका, २०७४ (दोस्रो संशोधन, २०७६) बमोजिम स्थानीय तहमा देहाय बमोजिम समिति गठनसम्बन्धी व्यवस्था भएकोले सो बमोजिम समिति गठन गरी कार्यान्वयन हुन निर्णयानुसार अनुरोध छ ।

(क) स्थानीय तहमा समन्वय समिति

१. प्रमुख वा उपप्रमुख - अध्यक्ष
२. प्रमुख प्रशासकीय अधिकृत, नगर/गाउँपालिका - सदस्य
३. प्रमुखले तोकेको एक जना वडा अध्यक्ष - सदस्य
४. सामाजिक विकास, शिक्षा, स्वास्थ्य आदि हेर्ने कर्मचारी मध्येबाट प्रमुख प्रशासकीय अधिकृतले तोकेको १ जना - सदस्य
५. पञ्जीकरण हेर्ने शाखा प्रमुख - सदस्य सचिव

(ख) गाउँपालिका र नगरपालिकाको गुनासो सुनुवाई समिति

१. प्रमुख प्रशासकीय अधिकृत - संयोजक
२. सम्बन्धित शाखाको शाखा प्रमुख - सदस्य
३. सम्बन्धित शाखा हेर्ने गरी तोकिएको कर्मचारी - सदस्य सचिव

(ग) वडा कार्यालयको गुनासो सुनुवाई समिति

१. वडा अध्यक्ष - संयोजक
२. वडा अध्यक्षले तोकेको वडा सदस्य (महिला) - सदस्य
३. वडा सचिव - सदस्य सचिव

माथि उल्लिखित समितिका काम, कर्तव्य र अधिकार सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण आयोजना सञ्चालन निर्देशिका, २०७४ (दोस्रो संशोधन, २०७६) मा रहेको व्यहोरा समेत अनुरोध छ ।

२०७६/११/१९
काशीराम शर्मा
(शाखा अधिकृत)